## सिद्ध कुमाखगाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### ढोरचौर, सल्यान
### कर्णाली प्रदेश, नेपाल

प.स.२०८२।८३
च.न.

मिति२०८२/१२/१५ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्षद्धारा प्रस्तवित एजेण्डा :

१.अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।
२.स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को पारम्भिक प्रतिवेदन सम्वन्धमा ।
३.कारवाही सम्वन्धमा ।
४.संघीय अनुदान कोटा वितरण सम्बन्धमा ।
५.विद्यालयको रंगरोगन खर्च व्यवस्थान सम्वन्धमा ।
६.हिमालय आवि माझखर्कको लागि सामग्री खरिदको रकम व्यवस्थापन सम्वन्धमा ।
७.पोषणमैत्री स्थानीय शासन प्रवर्धन अन्तर्गत उन्नत जातका भैसी वितरण कार्यविधि स्वीकृत सम्वन्धमा ।
८.वैदेशिक रोगजारीबाट फर्केका युवाहरुका लागि पशुपालन कार्यक्रम मापदण्ड स्वीकृत सम्वन्धमा ।
९.चालु आ. व.२०८२/८३ को दोस्रो चौमासिक आय-व्यय प्रगति समीक्षा सम्बन्धमा
१०. आफ्नो क्षेत्राधिकार भित्र मात्र कर निर्धारण तथा संकलन सम्बन्धमा
११. विविध ।

**प्रस्ताव नं१ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णयनं १:**

यस अघि मिति २०८२/११/१५गते बसेको गाउँकार्यपालिकाको दशौं बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को पारम्भिक प्रतिवेदन सम्वन्धमा**

निर्णय नं २- सिद्ध कुमाख गाउँपालिकाको आ.व २०८१/८२ को कार्यसम्पादन मुल्याङकन अन्तर्गत यस सिद्ध कुमाख गाउँपालिकाको विषयगत समितिले पेश गरेको स्थानीय शासन कार्यसम्पादन मूल्याङकन प्रणालीको प्रतिवेदनलाई वृहत रुपमा छलफल तथा संशोधन गरी आवश्यक कागजात र पुष्टयाँइका आधार समेतका आधारमा यस पालिकाले प्राप्त गरेको कुल प्राप्ताङकलाई अध्ययन तथा पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिमा पठाउने निर्णय गरियो।

प्रस्ताव नं ३- **कारवाही सम्वन्धमा**

निर्णय नं ३ सिद्ध कुमाख गाउँपालिका वडा नं ४ मा सञ्चालित श्री जनसेवा आधारभुत विद्यालय सागिनेमा कार्यालय सहयोगी पदमा कार्यरत कर्मचारी श्री तुल्सीराम बस्नेतले कर्मचारी आचारसंहिता विपरीत हुने गरी विद्यालयको काममा लापरवाही गरेको , विद्यालयमा मादव पदार्थ सेव गरी प्रवेश गरेको अर्थात वारम्वार मादक पदार्थ सेवन गरी विद्यालयको काममा ध्यान नदिएको, पालिका र विद्यालयले दिएको पटक-पटकको निर्देशन कार्यान्वयन नगरी अटेरी गरेको लगायतका गुनासाहरुका आधारमा र विद्यालय व्यवस्थापन समितिको मिति २०८२/१२/०८ गतेको निर्णय समेतका आधारमा नीजलाई कारवाही गर्दा पहिल्यो पटकलाई ।स्प्टीकरण सोधी सफाइ दिने मौकाबाट बञ्चित नगर्ने र सोधिएको जवाफ चित्तबुझ्दो नआएमा अर्को व्यवस्था नभएसम्मका लागि नीजलाई सिद्ध कुमाख गाउँपालिका वडा नं ५ मा सञ्चालित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा काज सरुवा गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

**प्रस्ताव नं -४ संघीय अनुदान कोटा वितरण सम्बन्धमा**

निर्णय नं ४- सिद्ध कुमाख गाउँपालिका वडा नं २ मा सञ्चालित श्री सिद्ध माध्यमिक विद्यालय भडारे सल्यानमा माध्यमिक तह- (गणित)गाउँपालिका अनुदान कोटामा कार्यरत शिक्षकले पदबाट राजीनामा दिएकाले आ व २०८२/८३ को असार मसान्तसम्म र त्यसपछिका आ. व हरुमा संघिय अनुदान रकम हाल तलव भत्ता खाइरहेका शिक्षकहरुलाई पुगेर बचत हुने देखिएमा निरन्तरता दिने गरी तपसिलको विषयमा अनुदान कोटा वितरण गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

तपसिलः

| क्र सं | विद्यालयको नाम | तह | प्रकार | विषय | कोटा संख्या |
|---|---|---|---|---|---|
| १ | श्री सिद्ध माध्यमिक विद्यालय सिद्ध कुमाख २ भडारे सल्यान | माध्यमिक | संघीय अनुदान | गणित | १ |

**प्रस्ताव नं ५- विद्यालयको रंगरोगन खर्च व्यवस्थान सम्वन्धमा**

निर्णय नं ५ - सिद्ध कुमाख गाउँपलिका वडा नं ५ मा सञ्चालित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालयको २ कोठे भवन र अर्को भवनको वाहिरी भित्ता रङरोगन गर्न जरुरी रहेकाले बढीमा ६० हजारको आर्थिक खर्चको मादण्डभित्र रही कार्यसम्पादन गर्ने गरी विद्यालय रङरोगनका लागि सिद्ध कुमाख गाउँपलिको आ. व २०८२/८३ को स्वीकृत बार्षक बजेट तथा कार्यक्रम अन्तर्गत " **निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च**" शिर्षकबाट बजेट व्यवस्थापन गरी सो कार्यको जिम्मेवारी सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई दिने निर्णय गरियो।

प्रस्ताव नं ६-**हिमालय आ. वि. माझखर्कको लागि सामग्री खरिदको रकम व्यवस्थापन सम्वन्धमा ।**

निर्णय नं ६- सिद्ध कुमाख गाउँपालिका वडा नं ५ मा सञ्चालित श्री हिमालय आ. वि माझखर्क सल्याललले माग गरेको तपसिलको सामाग्रीहरु **पालिका स्तरका खानेपानी आयोजनाहरुको सञ्चालन तथा व्यवस्थापन "** शिर्षकबाट खर्च व्यवस्थापन गरी सामाग्री विद्यालयालाई उपलब्ध गराउने निर्णय गरियो।
तपसिलः

| क्र. सं | विद्यालयबाट माग भएका सामाग्रीहरु | परिमाण | केफियत |
|---|---|---|---|
| १ | पानी तान्ने मोटर | १ पीस | १५० मि |
| २ | खानेपानीको पाइप | २०० मि. | |
| ३ | तार | २०० मि. | |

प्रुस्ताव नं ७- **पोषणमैत्री स्थानीय शासन प्रवर्धन अन्तर्गत उन्नत जातका भैसी वितरण कार्यविधि स्वीकृत सम्वन्धमा**

निर्णय नं ७. सिद्ध कुमाख गाउँपालिका पशु शाखाबाट पेश भएको पोषणमैत्री स्थानीय शासन प्रवर्धन अन्तर्गत **उन्नत जातका भैंसी वितरण कार्यविधि -२०८२** स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ८-वैदेशिक रोगजारीबाट फर्केका युवाहरुका लागि पशुपालन कार्यक्रम मापदण्ड स्वीकृत सम्वन्धमा**

निर्णय नं ८. सिद्ध कुमाख गाउँपालिका पशु शाखाबाट पेश भएको बैदेशिक रोजगारीबाट फर्केका युवाहरुका लागि पशुपालन कार्यक्रम मापदण्ड २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ९-चालु आ. व.२०८२/८३ को दोस्रो चौमासिक आय-व्यय प्रगति समीक्षा सम्बन्धमा**

निर्णय नं ९ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम चालु आर्थिक वर्ष २०८२/०८३ को दोस्रो चौमासिक सम्मको गाउँपालिका कोषबाट प्राप्त आम्दानी र कोषबाट भएको खर्च सम्बन्धी छलफल गरी समीक्षा गर्ने निर्णय गरियो।

**प्रस्ताव नं १०-आफ्नो क्षेत्राधिकार भित्र मात्र कर निर्धारण तथा संकलन सम्बन्धमा।**

निर्णय नं १०. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ बमोजिम यस सिद्ध कुमाख गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र कर र राजश्वका दर निर्धारण तथा संकलन गरेको स्वः घोषणा गर्ने निर्णय गरियो।